# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पात्रहरूको विचार र प्रवृत्ति

**विष्णु न्यौपाने**

सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

## लेखसार

प्रस्तुत अनुसन्धानात्मक लेखमा विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७२–२०३९) का *तीनघुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहुदी,* र *बाबु, आमा र छोरा* गरी छओटा उपन्यासहरूलाई पाठमा रूपमा लिई ती उपन्यासहरूमा प्रयुक्त पात्रहरूको विचार र प्रवृत्तिको विश्लेषण र मूल्याङ्कन गरेर उक्त उपन्यासहरूको वैचारिकता निरूपण गरिएको छ। कोइरालाका उपन्यासहरूमा प्रयुक्त पात्रहरूको विचार र प्रवृत्ति स्थापित गर्नु यस लेखको उद्देश्य हो। प्रस्तुत उपन्यासहरूको विश्लेषणका निम्ति औपन्यासिक उपकरणलाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी पाठगत विश्लेषण गरिएको छ। नेपाली साहित्यमा कविता, कथा, उपन्यास, जीवनी, समालोचना जस्ता क्षेत्रमा कलम चलाउने बहुमुखी साहित्य स्रष्टा कोइरालाका उपन्यासका पात्रहरूको विचार र प्रवृत्ति फरक फरक रहेको छ। यिनका उपन्यासका पात्रहरू मानवतावादी, स्वतन्त्रतावादी, नियतिवादी, सम्झौतावादी, समर्पणवादी, पलायनवादी, बौद्धिक, विद्रोही, पौराणिक प्रवृत्तिका, पतिपरायण छन्। यिनका उपन्यासका पात्रहरू प्राचीन मूल्यमान्यताका, वर्तमान युगीन परिवेशलाई आत्मसाथ गर्ने तथा कतिपय काल्पनिक पात्रहरू पछिल्लो युगको प्रतिनिधित्व गर्ने खालका छन् भन्ने निष्कर्ष निकालिएको छ।

प्रमुख शब्दावली : बौद्धिक, मानवमूल्य, नियतिवादी, सम्झौतावादी, समर्पणवादी।

## विषयपरिचय

प्रस्तुत अध्ययनको विषय विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा प्रयुक्त पात्रहरूको विचार र प्रवृत्तिको विश्लेषण र मूल्याङ्कन रहेको छ। आख्यानयुक्त रचनामा घटना घटाउने व्यक्तिलाई पात्र भनिन्छ। उपन्यासका पात्रहरू खास उद्देश्य पूरा गर्न प्रयोग गरिएका हुन्छन्। उपन्यासकारले आफ्नो विचार पाठकलाई प्रेषण गर्ने क्रममा आफू अनुकूलको पात्र छनोट गर्दछ। त्यस्ता पात्रहरू सर्जकका दृष्टिमा आफ्नो उद्देश्यका संवाहक र पाठकका दृष्टिमा आफूजस्तै र विश्वास गर्न लायक हुनुपर्छ। यसका लागि जीवन्त पात्र छनोट गर्नुपर्छ। पात्र छनोट गर्न उपन्यासकार स्वतन्त्र हुन्छ। यो उसको रुचि र खुबीको विषय हो। रचनाकारले पात्र विभिन्न स्रोतबाट छनोट गर्दछ। पात्र छनोटको प्रमुख स्रोत भनेको उपन्यासकार आफैँ हो। उसले आफ्नो रचनामा आफू, आफूले भोगेको देखेको स्वभाव र चरित्रको छनोट गर्छ। लेखक आफ्नो विचारको प्रचारका लागि पात्रको जीवनको अस्वभाविक रूप नदिई उसको जीवनको आधारबाटै आफ्नो विचारको रूप दिन चाहन्छ (गणेशन, सन् १९६६, पृ. २७०)। रचनाकारले पात्रहरू मानव जीवनबाट ग्रहण गर्दछ। पात्र निर्माणको मूल स्रोत पनि मानव समाज र मानव जीवन नै हो। औपन्यासिक पात्रले मानव जीवन, व्यक्तिजीवन र सामाजिक जीवनका क्रियाकलाप प्रस्तुत गर्दछ। पात्र समाजबाट लिएको छ भने त्यस्तो पात्र सजीव बन्छ र त्यसले समाज र आफ्नो वर्गको प्रतिनिधित्व गर्न समर्थ हुन्छ। उपन्यास वास्तविक जीवन, जगत्को यथार्थ प्रतिबिम्बन हो।

हिन्दी साहित्य लेखनबाट आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेर विश्वेश्वरप्रसाद कोइरालाका नेपाली साहित्य भण्डारमा कविता, कथा, उपन्यास, संस्करण आदिका विविध कृतिहरू प्रकाशित छन् । यीमध्ये आख्यान विधामा यिनका छब्बिसओटा कथाहरू र छओटा उपन्यासहरू प्रकाशित छन् । *तीनघुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहुदी,* र *बाबु, आमा र छोरा* उपन्यासमा पात्रहरूको चरित्राङ्कनलाई महत्त्व दिइएको छ । *मोदिआइन* र *हिटलर र यहुदी* उपन्यास पौराणिक आचरणका पात्र छन् । यी दुई उपन्यासमा प्रसिद्ध ग्रन्थ महाभारतका पात्रलाई उपयोग गरिएका छन् । *सुम्निमा* उपन्यासमा सांस्कृतिक जीवनका पात्र छन् । *तीनघुम्ती, नरेन्द्रदाइ* र *बाबु, आमा र छोरा* उपन्यासमा आधुनिक युगका पात्र छन् । कोइरालाले पात्रमार्फत आफ्नो राजनीतिक तथा सामाजिक विचार तथा मानवमूल्य, मानवीय जीवनेच्छा, मानवीय अस्तित्व, मानवीय द्वन्द्व, मानवीय जीवनका उचारचढावहरू प्रस्तुत गर्न चाहेका छन् । उपन्यासकारको प्रस्तुत विचार आफ्ना उपन्यासका पात्रमार्फत कसरी व्यक्त गरेका छन् भन्ने कुराको अध्ययन आवश्यक देखिएको छ । यही समस्या समाधानका लागि यिनका उपन्यासमा प्रयुक्त पात्रहरूको विचार र प्रवृत्ति विश्लेषणात्मक विवेचना गर्नु यस लेखको उद्देश्य हो । यस लेखमा यिनै जिज्ञासा समाधान गर्नका निम्ति पात्र अध्ययनको सैद्धान्तिक मान्यताका आधारमा कोइरालाका छओटा उपन्यासमा प्रयुक्त पात्रको विचार, प्रवृत्ति र यसको व्यवस्थापन पक्षको विश्लेषण गरी मूल्याङ्कन गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका निम्ति निर्धारित उद्देश्य पूरा गर्न पुस्तकालय कार्यबाट विश्वेश्वरप्रसाद कोइरालाका *तीनघुम्ती, नरेन्द्रदाइ, सुम्निमा, मोदिआइन, हिटलर र यहुदी,* र *बाबु, आमा र छोरा* उपन्यासमा प्रयुक्त पात्रहरूको विचार र प्रवृत्ति निरूपणका लागि पात्रसँग सम्बन्धित कथानकविधान, पात्रविधान र परिवेशविधानलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको वर्गीकरण गरी गहन अध्ययन गरिएको छ । यी सामग्रीको अध्ययन, मननपश्चात् विवरणात्मक, तुलनात्मक र विश्लेषण विधिद्वारा सामग्रीको समीक्षा गरिएको छ । यस समीक्षाबाट प्राप्त उपलब्धिलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । लेखको अन्त्यमा अध्ययनका क्रममा प्रयुक्त सामग्रीहरू सन्दर्भ सामग्रीसूचीका रूपमा प्रस्तुत गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यो लेखमा निगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक ढाँचा

साहित्यकारले आफ्नो रचनामा विभिन्न व्यक्तिहरूलाई उपयोग गरेको हुन्छ, तिनै व्यक्तिहरूलाई नै पात्र भनिन्छ । साहित्यिक रचनामा पात्र भन्नाले घटनामा संलग्न व्यक्तिलाई बुझाउँछ । त्यस्ता पात्रले विभिन्न विचार र प्रवृत्ति बोकेका हुन्छन् । पात्रद्वारा उपन्यासका घटना परिचालित हुने तथा त्यसैका आधारमा सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक अवस्थाको बारेमा थाहा पाउन सकिन्छ । उपन्यासका पात्र प्रायः वास्तविक जीवनसँग सम्बन्धित हुन्छन् र कतिपय सन्दर्भमा काल्पनिक पनि हुन सक्छन् तर पूर्णरूपमा काल्पनिक भने हुन सक्दैनन् । काल्पनिक पात्र प्रयोग भए पनि ती भविष्यमा हुनसक्ने सम्भाव्य र भविष्यका वास्तविक र यथार्थ हुनुपर्छ । वास्तविकताका लागि आफ्ना

पात्रका बारेमा रचनाकार जानकार हुनुपर्छ । उसले आफूले देखेका, भोगेका, अनुभव गरेका विषयका पूर्ण ज्ञान भएका ज्ञात पात्र, आफूलाई पायक पर्ने पात्र छनोट गर्छ । पात्र छनोटमा उपन्यासकारले आफ्नो व्यक्तिगत अनुभवद्वारा पात्रको निर्माण गर्छ र कल्पनाका आधारमा ती पात्रलाई जनजीवनका नजिक लाग्न खोज्छ (सिंह, सन् २०५४, पृ. १३२) । मानव मूल्य स्थापना गर्नु उपन्यासको मूल उद्देश्य हो । मानिसका जन्मजात प्राप्त प्रवृत्तिः दया, माया, घृणा, क्रोध, ईर्ष्याका साथै जीवन सङ्घर्षबाट प्राप्त मूल्य मान्यता, विचारको स्थापनाजस्ता कुराहरू उपन्यासमा व्यक्त गरिएका हुन्छन् । देश काल सुहाउँदो, नैतिक मूल्य मान्यतामा आबद्ध, सामाजिक नीति, नियम र मर्यादामा आबद्ध पात्रले पाठकको मन जित्न सक्छ र त्यस्ता रचना कालजयी, विश्वविख्यात र समग्र मानवका मनमस्तिष्कमा रहिरहन सफल हुन्छन् ।

साहित्यिक कृतिमा प्रयुक्त पात्र विभिन्न खालका हुन्छन् । तिनीहरूको विचार र प्रवृत्ति पनि विभिन्न खालको हुन्छ । प्राचीन ग्रन्थ, वाङ्मय, पुराण, नाटक आदिका पात्रहरू स्थिर प्रकृतिका, शाश्वत, आदर्शवान्, सामाजिक मूल्यमान्यता बोकेका, धार्मिक महत्त्वका देखिन्छन् भने आधुनिक रचनाका पात्रहरू समसामयिक समाजका दैनिक जीवनमा भेटिने मानव जस्तै देखिन्छन् । उपन्यासमा असल र खराब दुवैखाले पात्र प्रयोग भएका हुन्छन् । यी दुवैखाले पात्रले पाठकका मन मस्तिष्कमा दीर्घकालीन असर पारेका हुन्छन् । असल पात्रले असल बन्न र खराब पात्रले खराब नबन्न प्रेरणा दिएका हुन्छन् । मानिसका सुख, दुख, हर्ष, विस्मात्, घृणा आदिको अनुभूति उपन्यासका पात्रमार्फत दिइएको हुनुपर्दछ । उपन्यासमा राजा-प्रजा, मालिक-मजदुर, धनी-गरिब आदि पात्र बन्न सक्छन् । अरस्तुले दुःखान्तका पात्र असल र खराब दुवै खालका हुने बताएका छन् (चामलिङ, २०४०, पृ. १९५) ।

उपन्यासकारले आफ्नो रचना उपन्यासमा पात्रलाई उपस्थित गराएर आफ्नो विचार प्रस्तुत गरेको हुन्छ । उपन्यासकार उपन्यासमा तटस्थ हुन्छ तापनि कुनै एक पात्रका माध्यमबाट आफ्नो मत अभिव्यक्त गरिरहेको हुन्छ । पात्र छनोट र त्यसको भूमिका साथै चरित्राङ्कनमा लेखक स्वतन्त्र रहन्छ । पात्र छनोट र भूमिका पश्चात् उसका क्रियाकलापमा हस्तक्षेप गर्नु हुँदैन चाहिँ भनिन्छ तापनि ऊ रचनाकारको मार्गभन्दा बाहिर भने हिड्न सक्दैन । उसका विचार अभिव्यक्ति गर्ने क्रममा उसमा स्वाभाविकतालाई स्वतन्त्र छाडिदिनुपर्छ तापनि ऊ लेखकभन्दा आफू स्वतन्त्र भएर हिँड्न चाहिँ सक्दैन । लेखकले आफू नै उपस्थित भई आफ्नै बारेमा मात्र उपन्यासमा भन्ने होइन कि आफ्नो योजनाअनुसार पात्रलाई हिँडाउने हो । काम त्यतिबेला राम्रो हुँदैन जबसम्म त्यो काम लेखकभन्दा बाहिर जान सक्दैन । लेखक कुनै योजनाबिना पात्रको नियन्त्रणभन्दा बाहिर जान सक्दैन (सार्त्र, सन् १९५०, पृ. १५४) । पात्रको विचार लेखककै विचारको मूर्त रूप हुन सक्छ तापनि पात्रकै व्यवहार, बोली र कार्यव्यापारद्वारा प्रस्फुटित हुनुपर्दछ । उपन्यासका पात्रहरू उपन्यासकारको मानव सृष्टिको उपज हुने भए पनि उपन्यासमा आइसकेपछि उनीहरूको स्वतन्त्र अस्तित्व र आफ्नै किसिमको पहिचान हुनुपर्छ । उपन्यासकारले आफ्नो आदर्शको भारी पात्रलाई बोकाउनु हुँदैन । लेखक आफ्नो रचनामा तटस्थ भएर उभिनुपर्छ । पात्रलाई अधिक बन्धनमा राख्नु पनि हुँदैन र पूरा छुट पनि दिनु हुँदैन । पात्र लेखकीय आदर्श वा उद्देश्यबाट सर्वथा मुक्त रहेर आफ्नै संस्कार र आफ्नै अन्तःप्रेरणाबाट विकसित हुनुपर्छ ।

## विमर्श र परिणाम

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पात्रहरू विभिन्न प्रवृत्ति र विचार बोकेका छन् । यिनका उपन्यासका प्रमुख पात्रहरू : इन्द्रमाया, पीताम्बर, रमेश, नरेन्द्रदाइ, गौरी, मुनरिया, सानोबाबु, सुम्निमा, सोमदत्त, बिजुवा, मोदिआइन, नारी, म, नारायणन्, डा.सुनील भट्टाचार्य, रेवा, लक्ष्मी, बाबु बस्नेत, उमा, शिवप्रसाद, जेठी पत्नी हुन् । कोइरालाका

पात्रहरूको प्रवृत्ति र विचार मानवतावादी, स्वतन्त्रतावादी, नियतिवादी, सम्झौतावादी, समर्पणवादी, पलायनवादी, बौद्धिक, विद्रोही, पौराणिक प्रवृत्तिका, पतिपरायण छन् ।

## मानवतावादी पात्र

विश्वेश्वरप्रसाद कोइरालाका पात्र मानवतावादी विचारले ओतप्रोत छन् । "विश्वमानवता र मानवीय समानताका अवधारणाहरू नै कोइरालाका कृतिका मूल सन्देशहरू हुन्" (धरावासी, २०५८, पृ. ९०) । उनका उपन्यासहरू पढ्दा मानवमूल्य र उच्च आदर्शको स्थापना गर्नु लेखकीय अभीष्ट देखिन्छ । "*तीनघुम्ती*की इन्द्रमाया मानवतावादी पात्र हो । उसका तीनओटै निर्णयबाट प्रेम, नारीत्व, मातृत्व, उदारता, परोपकार आदि प्रतिबिम्बित भएका छन्" (कोइराला, २०६६, पृ. २३) । उसले यी सबै कार्य आफ्नै विवेक र नैतिकताले गरेकी छ । बरु इन्द्रमायामा मातापिता र पीताम्बरमा मानवविरोधी विचार पाइन्छ । *नरेन्द्रदाइ*का गौरी, मुनरिया र सानोबाबु मानवीय पात्र हुन् । मुनरियाले सार्कीलाई घरको बाल्टीले पानी पियाउनु, घर परिवारबाट रिसाएको नरेन्द्रलाई प्रेम गरेर शान्त पार्नु, क्षयरोगले ग्रस्त गौरीप्रति भेट्न इच्छुक नरेन्द्रलाई घर फर्कन दिनु आदि उसका मानवतावादी कार्य हुन् । गौरी हेला गर्ने पतिलाई माया गरिरहनु, परिवारका अन्य सदस्यसँग सद्भावपूर्ण व्यवहार गर्नु, सानोबाबुलाई माया गर्नु, नरेन्द्रलाई फकाउन हर प्रयत्न गर्नु, आफूलाई त्यागी मुनरियालाई बोकी हिडेको पतिलाई क्षयरोगले ग्रस्त भए पनि स्वीकार्नु र स्याहार संहारमा लाग्नु, पति सेवा गर्नु उसका मानवतावादी कार्य हुन् । *सुम्निमा*मा सुम्निमा र बिजुवा मानवतावादी पात्र हुन् । आश्रम वरिपरि मारकाट गर्न प्रतिबन्ध लगाउने राज्यशक्तिसँग युद्ध गर्न तम्सिने भिल्ल युवकलाई बिजुवा युद्ध गर्नुहुँदैन भनेर रोक्छ । आफूले जानेको ज्ञान र तप काम नलागी जति गरे पनि पुत्र प्राप्त गर्न नसकी निराश भएर आएको सोमदत्तलाई ऊ सहयोग गर्छ । आफ्नो कुरा मात्र ठिक हुन् भनेर ढिपी गर्ने, रुखो स्वभावको सोमदत्तलाई सुम्निमा ढिपी नगर्ने, सख्यभाव प्रदर्शन गर्ने, मायालु हुन अनुरोध गर्छे, सोमदत्तलाई मन पराउँछे, मुर्छा परेको सोमदत्तलाई होसमा ल्याउँछे, धेरै वर्षपछि भेट भएको सोमदत्तलाई सुम्निमा घृणा गर्दिन, झन माया गर्छे, सोमदत्तको मृतप्रायः कामवासना जगाइदिन्छे, रोगले मर्न आँटेको सोमदत्तलाई भेट्न जान्छे, सोमदत्तको टुहुरो छोरोलाई आफ्नै घरमा लगेर पाल्दछे, छोरीसँग बिहा भएपछि खुसी हुँदै दुवैलाई आशीर्वाद दिन्छे । सुम्निमा सोमदत्तसँगको बहसमा आफ्नो मानवतावादी विचार यसरी पोख्दछे, "मान्छे भएर देवता हुन खोज्नु असल होइन । मान्छेको धर्म हैन त्यो । मान्छे भएपछि मान्छे कै चलचलनमा बाँधिनुपर्छ" (कोइराला, २०५४, पृ. ७-८) । *मोदिआइन* उपन्यासमा "ठुलो नहुनू, वीर नहुनू, असल हुनू, असल" (कोइराला, २०६६, पृ. ४२) भन्ने मानवतावादी सन्देश पाइन्छ । यस उपन्यासमा मान्छेले आफ्नो हैसियत बिर्सिदा भएको मानव अस्तित्वको खतराको सङ्केत गर्दै मान्छेले मान्छेका रूपमा आफूलाई अड्याएर राख्नुपर्ने विचार व्यक्त गरेको छु भनी कोइरालाले भनेका छन् (कोइराला, २०४०, पृ. ३५) । यस उपन्यासका मोदिआइन र अर्जुन मानवतावादी पात्र हुन । आशावादी मोदिआइन आफ्नो पतिलाई माया गर्छे, सेवा सुश्रूषा गर्छे, घरमा आएका पाहुनालाई राम्रो व्यवहार गर्छे, बालक म पात्रलाई सहयोग गर्छे । नारी पात्र जीवनलाई धेरै माया गर्छे र जगत्लाई मन पराउँछे, कुरुक्षेत्रमा भएको युद्धको तयारीलाई मान्छे मर्ने आयोजना ठान्छे, युद्धमा होमिएका पतिको रक्षाको कामना गर्छे । अर्जुन युद्ध मैदानमा स्वजनप्रेम, सहृदयता, अहिंसा, सौहार्दता, करुणा, माया, दया, प्रेम जस्ता मानवीय भाव व्यक्त गर्छ । ऊ आफ्नो स्वजन मारेर राज्य र विजय चाहँदैन । *हिटलर र यहुदी* उपन्यासमा म पात्र, रेवा, लक्ष्मी, डेबिड, नारायणन् र डा.सुनील मानवतावादी पात्र हुन् । रेवा बिरामी सहयात्रीलाई यौनतृप्ति गराउँछे र आफू पनि खुसी हुन्छे । लक्ष्मी पतिलाई माया गर्छे र पति सेवा गर्छे । म पात्र साठी लाख यहुदीहरूको नियतिप्रति चिन्तित छ, युरोपको बीभत्स दृश्य हेरेर संवेदनशील भएको छ, जहाजमा भेटिएका सबैसँग मित्रवत् व्यवहार

गरेको छ, युद्ध पीडितलाई देखेर र भेटेर सहानुभूतिशील, मर्माहत र व्यथित भएको छ । *बाबु, आमा र छोरा*मा उमा मानवतावादी पात्र हो । शिवप्रसादलाई खुसीपूर्वक पतिवरण गर्नु, आत्महत्या गर्ने विचार आए पनि सो नगर्नु, दोस्रो पतिको दुःख देखेर सहानुभूतिशील हुनु उसका मानवीय गुणहरू हुन् । बाबु उमा सन्तुष्ट भइन कि भनी दुःखी भएकाले ऊ पनि मानवतावादी पात्र हो ।

## स्वतन्त्रतावादी पात्र

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पात्र स्वतन्त्रतावादी छन् । आफ्ना पात्रको स्वतन्त्रताबारे कोइराला भन्दछन्, "व्यक्ति समाजको सदस्य मात्र होइन उसको आफ्नै मौलिक अस्तित्व र व्यक्तित्व पनि हुन्छ" (आचार्य, २०५७, पृ. १८) । *तीनघुम्ती*की इन्द्रमाया व्यक्ति स्वतन्त्रताको उपयोग र उपभोग गर्न चाहने पात्र हो । आफू खानदानी, राजदरबारसँग सान्निध्य राख्ने, नेवार परिवारकी छोरी सामान्य खानदानी, राजदरबार विरोधी, पहाडिया ब्राह्मणसँग प्रेम गर्छे र विवाह गर्छे । यो उसको व्यक्ति सत्ता हो । पीताम्बरसँगको बहसमा इन्द्रमायाले "मेरो सतीत्व तिम्रो खाँचोको विषय होइन, त्यो त मेरो विषय हो, मेरो आस्थासँग सम्बन्ध राख्ने सती या असती जे हुन्छु त्यो म पो हुन्छु, त्यसकारण म सती भएँ वा असती भएँ भन्ने कुरा त मैले निर्णय दिने कुरा पो हो" (कोइराला, २०५५, पृ. ६८) । *नरेन्द्रदाइ*मा नरेन्द्र पनि आफ्नो व्यक्ति स्वतन्त्रताको वकालत गर्छ । बाबुआमाद्वारा छानिएकी गौरीलाई त्याग्दै ऊ मुनरियालाई वरण गर्न पुग्छ । बाबुसँगको संवादमा नरेन्द्र भन्छ, "तपाईंले मेरा लागि ल्याएकी भनेकी तपाईंलाई नै भयो" (कोइराला, २०५१, पृ. ३०) । ऊ जातपातबाट माथि उठेको र उठ्न चाहेको छ । *सुम्निमा*मा पुलोमाको र सोमदत्तको व्यक्ति स्वतन्त्रता सामाजिक संस्कारमा दमन हुन पुगेको छ । सोमदत्त इन्द्रियजयी भएर आउँदा पनि बाबुका करकापमा परी सामाजिक सम्बन्धमा जेलिन पुगेको छ भने दुवै सोमदत्त र पुलोमा क्रमशः सुम्निमा र भिल्ल अन्तःस्करणले चाँहदा चाँहदै पनि लोकलाज र लोकाचारले त्यसो गर्न सकेका छैनन् । बरु अचेत अवस्थामा सोमदत्त पुलोमालाई सुम्निमाका रूपमा र पुलोमा सोमदत्तलाई भिल्ल युवकका रूपमा पाएर चरम सुखप्राप्ति गरेका छन्, पुत्रप्राप्तिमा सफल भएका छन् । उनीहरू चेतनमा व्यक्ति स्वतन्त्रता प्राप्त गर्न उद्यत छ्न्, सफल भएका छन् । *मोदिआइन*मा नारी पात्रले आफ्नो पति आफैँ रोजेको देखाइएको छ । *हिटलर र यहुदी*की रेवा स्वतन्त्रता चाहने व्यक्ति हो । रेवाले नारायणन्का संवादमा भनेकी छ, "त्यसो भए के हिन्दु नारीलाई पश्चिमी नारी सरह स्वतन्त्र आचरणको अधिकार छैन" (कोइराला, २०५४, पृ. २७) । पतिलाई भेट्न जान लागेकी रेवा एघार दिनको यात्राका रमाउँदै हिँडेकी छ । *बाबु, आमा र छोरा*मा बाबुले छोरालाई व्यक्ति स्वतन्त्रताको उपभोग गर्ने अधिकार सुम्पिएको छ । "अब छोरो ठुलो भयो । उसलाई इच्छा लागेको गर्न दिनुपर्छ" (कोइराला, २०५४, पृ. ८) । बाबुको यो स्वतन्त्रतासम्बन्धी विचारको समर्थन गर्दै छोरो भन्छ-, "बा, तपाईंजस्तो आधुनिक विचार भएको पिता कति छोराले पाउँछन् र ?" (कोइराला, २०५४, पृ. ८) । यो व्यक्ति स्वतन्त्रता सम्बन्धी विचार हो ।

## नियतिवादी पात्र

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पात्रहरू नियतिको परिबन्धद्वारा निर्देशित छन् । नियतिले निर्दिष्ट गरेको बाटोमा उनीहरू हिड्न बाध्य छन् । *तीनघुम्ती* उपन्यासकी इन्द्रमाया आत्मिक इच्छाअनुरूप हिड्दा घर र समाजबाट त्याज्य हुन पुगेकी छ । आफैँले रोजेको पीताम्बरबाट पनि ऊ यथेष्ट सन्तुष्ट हुन सकेकी छैन । उसको जीवनको गति

नियतिले निर्धारण गरेको छ, नियतिले देखाएको बाटोमा हिँड्न ऊ बाध्य छ । उसले भनेकी छ, "हुन त मानिसकले नै निर्णय गर्छ, तर नियतिले निर्देशन गरेकै बाटामा हिँड्न उसको निर्णय भवितव्यको सेवकको रूपमा प्रकट हुन्छ" (कोइराला, २०५५, पृ. २३) । उसको जीवनमा जेजति विघ्नबाधाहरू आए, त्यो उसको इच्छाको कुरा मात्र थिएनन्, त्यो नियतिको परिणति पनि थियो । पीताम्बरबाट सन्तान प्राप्त नहुनु, रमेशबाट सन्तान हुनु पनि नियतिकै खेल थियो । पीताम्बर पनि नियतिकै फन्दामा नचाहँदा नचाहँदै इन्द्रमायालाई स्वीकार्न बाँध्य भएको छ र नियतिकै परिणतिमा जेल परेको छ । रमेश पनि नियतिकै फन्दामा इन्द्रमायाको मातृत्व भोक पूरा गराउन उद्यत रह्यो तापनि त्योभन्दा बढी अधिकार उसले केही पाएको छैन । *नरेन्द्रदाइ* उपन्यासका नरेन्द्र, गौरी र मुनरिया नियतिकै पञ्जामा परी दुःखपूर्ण जीवन जिउन बाँध्य छन् । यस उपन्यासमा नरेन्द्रदाइ र उनीसँग सम्बन्धित दुई अबलालाई नियतिले कताबाट कता लगेर पछाऱ्यो भन्ने कुरा यो किताबमा हेर्ने पाइन्छ (दीक्षित, २०५६, पृ. ७०) । नरेन्द्र उच्च सम्भ्रान्त उच्चकुलीन हुँदा हुँदै पनि नियतिले डोऱ्याउँदै आफ्नो इच्छाले रोजेको मुनरियालाई छनोट गर्दा घरबाटै बहिष्कृत हुनुपरेको छ र अन्त्यमा पुनः यही घरको आश्रय लिनुपरेको छ । आफ्नो अस्तित्व बचाइराख्न उसले गौरीलाई त्यागी मुनरियालाई अँगाल्न पुगे पनि आखिर ऊ नियतिको घेरामा परी मुनरियासँगै सधैँ रमाउन सकेको छैन । उसलाई क्षयरोग लागेको छ र आफैँले त्यागेकी गौरीका पाउमा पर्न आइपुगेको छ । गौरीले लोग्ने हुँदा हुँदै पतिबाट पतित्व कहिल्यै पाउन सकेकी छैन बरु त्यसको क्षतिपूर्तिस्वरूप सानोबाबुलाई अठ्ठयाउनेजस्ता क्रियाकलाप गर्न पुगेकी छ । उसले प्रौढ भइन्जेल पतिको माया र स्याहार पाइन तर वृद्धावस्थामा रुग्ण पति स्याहार्नु पर्ने बाध्यता आइपरेको छ । उसले कुनै अपराध नगरे पनि दण्ड भोग्न विवश हुनुपर्ने मानव नियतिको मर्म अभिव्यञ्जित भएको छ (पाण्डे, २०६९, पृ. १४३) । लोग्नेबाट परित्यक्ता ऊ लोग्नेलाई बचाउन निरर्थक प्रयास गरेकी छ भने उसको मृत्युको भयावह अवस्था पनि नियतिकै खेल हो । मुनरिया नियतिकै फन्दामा परेर नरेन्द्रलाई स्वीकार्न पुग्दा समाजबाटै बहिष्कृत हुनुपरेको छ । ऊ नियतिकै फन्दामा परी एकाएक नोकर्नीबाट मालिक्नीका दर्जामा पुगेकी छ तर त्यो मालिक्नी पद सधैँ टिक्न नियतिले दिएको छैन । रोगले नरेन्द्रलाई रोगी बनाई गौरीका काखमा फर्काएको छ । बिचरी ! ऊ आफ्नो घरै फर्कन नसक्ने बनाइदिएको छ नियतिले । नियतिले बाँच्नका लागि आफ्नो शरीरलाई दाउमा राखेर गुन्डाहरूको सेवा टहल गर्नुपरेको छ र बुढो जौहारीकी पत्नी बन्नुपरेको छ । यस उपन्यासमा स्वीकारिएको घटनालाई कोइरालाले पात्रको दोष ठानेका छैनन्, मानव नियति मानेका छन् । नियतिद्वारा निर्देशित मान्छेमा गल्ती नगरे पनि सजायको भागी बन्नुपर्ने बाँध्यता हुन्छ र ऊ सजायको पात्र नभए पनि दण्डबोधले ग्रस्त हुनुपर्छ भन्ने मानव नियतिलाई *नरेन्द्रदाइ* उपन्यासमा कला प्रदान गरिएको छ (शर्मा, २०५१, पृ. २४०) । *मोदिआइन*मा पनि नारीले जुन दुःख देख्नुपरेको छ, मोदिआइनले जुन व्यथा पालेर बस्नुपरेको छ, त्यसका पनि नियतिकै खेलको प्रमुख हात रहेको छ । *हिटलर र यहुदी*मा निर्दोष साठी लाख यहुदीहरूको हिटलरको ग्याँसच्याम्बरमा पोलिनुका पछाडि नियति नै कारक मानिएको छ । कोइरालाले मानिसले नियति निर्दिष्ट यात्रा नगरी सुख नपाउने वैचारिक चिन्तनमा विश्वास राखेका छन् । हिन्दु दर्शनको प्रतिनिधि पात्रका माध्यमबाट लेखकले मानव नियतिको सत्यता र शाश्वतामाथि स्पष्ट पारेका छन् । उपन्यास पात्रहरू थियोडोरा, लियोनार्ड, इज्जे आदि पात्रले भोग्नुपरेको दुःखद परिस्थितिमा मानव नियतिको दुःखदायी यथार्थ चित्रित भएको छ (पाण्डे, २०६९, पृ. ३०५) । प्रत्येक मानिस, प्रत्येक जाति जन्मदै नियतिको छाप लगाएर जन्मिन्छ त्यसैअनुरूप म पनि नियतिले डाऱ्याएको बाटो हिँडेको छु (कोइराला, २०५४, पृ. ४७) । नारायणन् पात्रमार्फत् नियतिवादी चिन्तन प्रस्तुत गरिएको छ । नारायणन् हिन्दु धर्म, अध्यात्मवाद, आर्य संस्कृति, नियतिजस्ता धार्मिक र अध्यात्मवादी दर्शनमा विश्वास गर्छन् । उसले नियतिलाई सम्पूर्ण ब्रह्माण्डको कर्म भोगले चल्ले, हिटलरद्वारा मारिएका साठी लाख यहुदीको मृत्युलाई नियतिको खेल भनेको छ । *बाबु, आमा र छोरा* उपन्यासकी उमा पढ्दा पढ्दै शिवप्रसादसँग स्वयम्वर हुनु, स्वयम्वर भइसकेपछि दाजु र बाबुका

करबलमा परेर बाबुसँग दोस्रो स्वयम्वर गर्न पुग्नु, आफू दोषी महसुस हुँदै स्वपीडनमा जीवन बिताउनु, छोरालाई भेट्ने तीव्र इच्छा लाग्नु र छोरो त आफ्नै लोग्ने भइदिनु नियतिकै खेल हुन् । ऊ नियतिले डोऱ्याएको बाटोमा हिँड्न बाँध्य छ । मान्छेको नियति नै पीडादायी छ त्यसैले बाबु जीवनमा नचाहेको परिस्थितिको पनि त्यत्तिकै सिकार हुन पुग्छ, उसले जानीजानी गरेको मात्र होइन नजानीकन हुन पुगेको गल्तीको पनि दन्ड भोग्नपुर्छ (पाण्डे, २०६९, पृ. १९४) । उमाले भनेकी छ, "नियतिको एकोहोरो गति नै त प्रारब्ध हो नि" (कोइराला, २०५४, पृ. ४३) । यस उपन्यासमा उमामार्फत नेपाली नारीले स्वीकार्नुपर्ने नियतिवाद अथवा भाग्यवादको विश्लेषण गरिएको छ ।

## पलायनवादी पात्र

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पात्रहरू पलायनवादी छन् । *तीनघुम्ती* उपन्यासकी इन्द्रमायाले उपन्यासमा समाज र बाबुआमाका विरुद्ध जति नै सङ्घर्ष र विद्रोह गरे पनि आफ्नो लोग्नेसँग विद्रोह नगरी पलायन हुने बाटो अवलम्बन गरेकी छ । उसले पीताम्बरले छोरी स्वीकार नगरे पनि पत्नी त अस्वीकार गरेको थिएन । त्यस्तो अवस्थामा उसले छोरी आफूसँगै साथमा लिएर पीताम्बरसँगै बस्नुपर्थ्यो तर ऊ त घरै छाडेर गएकी छ । *नरेन्द्रदाइ* उपन्यासकी मुनरिया नरेन्द्रकी दोस्री पत्नी हो । नरेन्द्रले उनलाई स्वीकार्न घरै छाड्नुपरेको छ भने मुनरियाले पनि नरेन्द्रलाई पाउन समाजै छाड्नुपरेको छ । यदि मुनरिया पनि जुधारू र क्रान्तिकारी थिई भने कप्तानी आमासँग सँगै बसेर लड्नुपर्थ्यो । नरेन्द्रले पनि दासी पत्नी स्वीकार्न समाजै छाड्नुपरेको छ । मुनरिया वनारसबाट घर नफर्की अर्को जौहारीकी पत्नी बनी बस्नुपरेको छ । *सुम्निमा* उपन्यासकी सुम्निमा आफूले मन पराएको सोमदत्तसँग विवाह नगरी मन नपरेकासँग विवाह गर्न बाँध्य छ । "लेखकको पुरुष मनले नारीहरूलाई जस्तै दह्री बनाउन खोज्दा पनि कतै न कतै लेखकीय पुरुष अहम् प्रकाशित भएको देखिन्छ" (धरावासी, २०६७, पृ. ४२) । *मोदिआइन*की नारी पनि अन्याय विरुद्ध लड्नुपर्ने मान्यतालाई अस्वीकार गर्दै मृत्युको विरुद्ध जीवनको भीख माग्ने एक कमजोर चरित्रमा प्रस्तुत भएकी छ । *बाबु, आमा र छोरा* उपन्यासकी उमा शिवप्रसादको गर्भ बोकेकी भए पनि बाबु, आमा र दाजुको करकापमा परी आफूभन्दा दोब्बर उमेरको वृद्धलाई स्वीकार गरेकी छ । इन्द्रमाया जति नै निर्णयकत्री भए पनि पीताम्बरको अहम्का अगाडि ऊ चुक्न पुगेर घर र पति छाडी एक्लो जीवन व्यतीत गर्नुपरेको छ । गौरी जीवनभर त्यागिएको लोग्नेलाई पूजा गर्दै बस्नु र अन्त्यमा स्याहार संहार गर्नुपर्ने अवस्था सिर्जना भएको छ । मुनरियाले नरेन्द्रलाई चरम यौन सुख दिए पनि अन्त्यमा बिनाकारण छुट्टिनुपरेको छ । आफूलाई सधैँ होच्याउने सोमदत्तकै कामनामा सुम्निमाले जीवन बिताउनुपरेको छ र उसको पुत्रलाई पाल्नुपर्ने अवस्था आएको छ । आफ्नो लोग्ने भेट्न गएकी रेवा यात्रामा एघार दिन अर्को पुरुषसँग सहवासमा रम्न पुगेकी छ । उमा पतिको सुखलाई नै पत्नीको सुख ठान्ने अवस्था सिर्जना भएको छ ।

## सम्झौतावादी पात्र

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पात्रहरू समन्वयवादी छन् । "उनका हरेक पात्रहरू सङ्घर्षका जतिसुकै गहिराईमा उत्रे पनि अन्त्यमा सम्झौताको बिन्दुमा पुगेर समस्याको हल गर्दछन्" (धरावासी, २०६७, पृ. ३८) । *तीनघुम्ती* उपन्यासकी इन्द्रमाया जति नै विद्रोह गरे पनि, जति नै सङ्घर्षशील जीवन बिताउन बाँध्य भए पनि अन्त्यमा गएर नयाँ पुस्तासँग सम्झौता गर्न बाँध्य भएकी छ । आफूले पीताम्बरलाई मन पराएर आफैँले छानेर बिहे गरे तापनि समाज र बाबुआमाबाटै त्याज्य भए पनि सधैँभरि ऊसँग खुसी हुन सकेकी छैन । उसले आफ्नो खुसीका लागि रमेशको

साथ लिनुपरेको छ। रमेशसँग पनि खुसी हुन नसकी पुनः छोरीको साथ लिनुपरेको छ। जिन्दगीमा यति दुःख पाउँदा पनि, दुःख पाएको थाहा हुँदा हुँदै पनि छोरीलाई उसैले मन पराएको युवकसँग विवाह गर्ने अनुमति उसले दिएकी छ। *नरेन्द्रदाइ* उपन्यासमा नरेन्द्र पहिले आफैँले लत्याएकी गौरीका काखमा आएर बाँकी जीवन बिताउँछ र आफ्नो बिगतको गल्तीमा प्रायश्चित गर्दै भन्दछ, "गौरी ! हाम्रो घरमा यति राम्रो सफा र सिनित्त परेको एउटा मात्र कोठा छ भनेर मलाई कहिल्यै थाहा थिएन" (कोइराला, २०५१, पृ. ६६) । गौरीमा पनि लोग्नेप्रति कुनै प्रतिशोधको भावना थिएन । उसले यौवनको भर्भराउँदो उमेरमा नपाएको पति रुग्ण, कमजोर रूपमा पाउँदा पनि पति सम्मानमा कुनै कमी हुन दिएकी छैन । उसले यो वृद्ध उमेरमा आफ्नो प्राणप्रिय पति पाउँदा स्वर्गीय आनन्दको अनुभव गरेकी छ। "यत्रो ठुलो सुख मैले पाइरहेकी छु कि मलाई लाग्छ, जन्मजन्मान्तरसम्म पनि म यो खप्न सक्ने छैन, तिमी अझ भन्छौ मैले सुख पाइनँ रे" ( कोइराला, २०५१, पृ. ६९) ! नरेन्द्र र गौरी दुवैले सम्झौता गरी समन्वय गरेको देखिन्छ। *सुम्निमा* उपन्यासमा बिजुवाले आफ्ना राजकुमारहरू र सोमदत्तको सङ्घर्षमा सम्झौतावादी उपाय अवलम्बन गरेको छ। उसले आफ्नो गाई काट्ने ठाउँ सार्ने वा गाई नै नकाट्ने सल्लाह दिएको छ। बिजुवा किरात युवकलाई सम्झाउँछ, "बाँच्नलाई पो युद्ध गर्ने सल्लाह मान्न सकिएला तर मरेर पाइने धर्मका लागि युद्ध गर्ने कुरा किमार्थ पनि मान्न सकिन्न। उनीहरूको साँधभन्दा मास्तिर हाम्रो गाई काट्ने थलो सारिदिऊँ" (कोइराला, २०५४, पृ. १३) । सोमदत्त र सुम्निमाको मन मिले पनि शरीर मिल्न सकेको थिएन । त्यस इच्छालाई पूर्ण गराउन कोइरालाले सोमदत्तको छोरो र सुम्निमाकी छोरीबिच विवाह गराई सम्झौता गराएका छन् । सुम्निमाले छोरी र ज्वाइलाई सम्झाएकी छ कि, "तिमीहरू सम्झौताको बाटोमा अघि बढ्नू र तिम्रा सन्तानहरूले पनि सम्झौताको बाटोमा अघि बढ्न सिक्नू" (कोइराला, २०५४, पृ. ९४) । *मोदिआइन* उपन्यासकी नारी पात्रले पुरुषलाई युद्धका निम्ति प्रेरित नहुन आग्रह गरेकी छ। जति नै आग्रह गरे पनि युद्ध भई नै छाडेको छ। युद्धको परिणाम मछुवारिन र मोदिआइनका पीडामा आएर आबद्ध भएको छ। *हिटलर र यहुदी* उपन्यासमा कोइरालाले वर्तमान युद्धग्रस्त विश्वबाट मुक्तिको सास फेर्नुपर्ने धारणा राखेका छन्। चाहे महाभारतको युद्ध होस् वा चाहे हिटलरको नेतृत्वको युद्ध होस् यसले विनाश मात्र निम्त्यायो, मानिसमा त्रास मात्र जन्मायो । त्यसमा सम्झौता हुनुपुर्ने विचार कोइरालाले राखेका छन् । *बाबु, आमा र छोरा* उपन्यासमा उमा दुई पुरुष प्रेमी शिवप्रसाद (छोरो) र बाबु दुवैकी पत्नी भए पनि जीवनसँग सम्झौता गर्दै बाबुकी पत्नी भएर जीवन गुजारा गरेकी छ।

**समर्पणवादी पात्र**

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पात्रहरू समर्पणवादी छन् । प्रेमलाई ज्यादै आदर र सम्मान गर्दै पात्रहरू जीवनमा अघि बढ्न चाहेका छन् । प्रेमका पक्षधर पात्रहरू प्रेमिका लागि कष्ठकर जीवन बिताउन पनि तयार छन् । *तीनघुम्ती* उपन्यासकी इन्द्रमाया आफूलाई मातृत्व भोक पूरा गराउन नसक्ने, जेलमा रहेको लोग्नेलाई पनि मायाको अँगालोमा सधैँ बाँधेर राखेकी छ। उसलाई मिठो र मन पर्ने खाना बनाएर पठाएकी छ। आफ्नो शारीरिक भोकको तृप्ति रमेशबाट पाए पनि "पीताम्बर मेरो, म तिमीलाई माया गरी नै रहेकी छु, गरी नै रहेकी छु" (कोइराला, २०५५, पृ. ४४) भन्दै आफ्नो पतिप्रतिको समर्पण भाव व्यक्त गरेकी छ। उसले छोरीप्रति पनि अगाढ माया र आस्था व्यक्त गरेकी छ। *नरेन्द्रदाइ* उपन्यासकी गौरी आफूलाई जीवनभर अस्वीकार गर्ने, तिरस्कार गर्ने लोग्नेलाई अन्तिम अवस्थामा पाउँदा खुसी भएकी छ। लोग्नेले तिरस्कार गरे पनि ऊ सधैँ लोग्नेप्रति समर्पित नै छ। लोग्नेका नाममा उसले ईश्वर भाकेकी छ। रुग्ण पति पाउँदा पनि उसले जितेको महसुस गरेकी छ। *सुम्निमा* उपन्यासकी सुम्निमा सोमदत्तलाई सम्झाउँछे, फकाउँछे, माया गर्छे र मनुवा दहमा लगी यौनशक्ति पुर्नस्थापित गराई सन्तानवती बनाउन सहयोग गर्छे। ऊ प्रेमीप्रति सर्मपित छ।

सोमदत्त ढोगी, घमन्डी र अन्धविश्वासी भए पनि आफ्नो शरीरलाई तिरस्कार गर्ने भए पनि सहयोग र समर्पणका लागि ऊ हरदम तयार छ। "मेरो दुलाहा तिमीजस्तै छ। ऊसँग रात बिताउँदा तिमीसँगै छु जस्तो लाग्छ" (कोइराला, २०५४, पृ. ५६) । सोमदत्तले आफूलाई फुटेको आँखाले नहेरेपछि सुम्निमा अर्कैसँग विवाह गर्छे तापनि ऊ सधैँ सोमदत्तसँगै भएको र हुन चाहेको विचार राख्दछे। *मोदिआइन* उपन्यासकी नारी पत्र लोग्नेप्रति समर्पित छ। ऊ भन्दछे, "तेसै युगदेखि मेरो प्राणनाथको शरीर खसेको थलोमा आएर बसिरहेकी छु, अनन्नसम्म बसिरहने छु, त्यस तलाउका किनारमा जुन थलोलाई मेरा लागि मेरा प्रेमीको शरीरको अन्तिम स्पर्शले प्रिय बनाएको छ" (कोइराला, २०६६, पृ. ४१) । *बाबु, आमा र छोरा* उपन्यासकी उमामा समर्पणको भाव पाइन्छ। "म हजुरकी पत्नी। मलाई राम्रो तालिम छैन, हजुरले तालिम दिएर आफ्नो अनुकूल बनाइबक्सियोस् । म सदा हजुरकी अनुगामिनी भएर बस्छु" (कोइराला, २०५४, पृ. १३) । उमाकी आमामा पनि समर्पण भाव पाइन्छ। उनी छोरीलाई सम्झाउँदै "स्वास्नीमानिस पृथ्वीजस्ती हो, जीवनका सारा चोट सहँदै हिड्छे। पीडाले ऊ बिचलित हुन थाली भने के त्यो माता हुन सक्छे र नानी, उमा। नारी यथार्थ रूप माताको हो" (कोइराला, २०५४, पृ. ६०) । जेठी पत्नीमा पनि लोग्नेप्रतिको समर्पण भाव पाइन्छ। बाबु पात्रका अभिव्यक्तिमा यो भाव अभिव्यञ्जित भएको छ।

## बौद्धिक पात्र

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पात्रहरू बौद्धिक छन्। उनका पात्र बोल्न सक्छन्, आफ्नो तर्क राख्न सक्छन्, विद्रोह गरेर हिँड्न सक्छन्। "कोइरालाका पात्रहरू औपचारिक शिक्षाबाट वञ्चित नै रहेका भए पनि अनुभवले तिनीहरू बौद्धिक देखिन्छन्" (धरावासी, २०६७, पृ. ४०) । *तीनघुम्ती*को पीताम्बर राजनीतिक सुझबुझ भएको प्रजातन्त्रको पक्षधर, स्वतन्त्रताको वकालत गर्ने पात्र हो। *नरेन्द्रदाइ* उपन्यासकी गौरी महाभारत, रामायण पढ्ने र लोग्नेलाई हृदयतः स्वीकार्ने प्राचीन नारी हो। नरेन्द्र आधुनिक विचार बोकेको, प्राचीन अन्धविश्वास र कुसस्कारको विद्रोह गर्ने बौद्धिक पात्र हो। *सुम्निमा*का सोमदत्त र पुलोमा शास्त्रमा पारङ्गत पात्र हुन्। उनीहरू उच्च बौद्धिक बहस गर्दछन्। सुम्निमा सोमदत्तसँग बौद्धिक बहसमा सहभागी भएकी छ। उसका हरेक विचार तर्कशील छन्। "कोइरालाका पात्रहरूमध्ये सुम्निमा अशिक्षित भए पनि शरीरको सुन्दरता, क्षणभङ्गुरता र त्यसको महत्त्वको सम्बन्धमा आफ्नो गहन विचार अघि सारेकी छ। सोमदत्त र पुलोमा दुवै विद्वान्, विदुषी र बुद्धिजीवी पात्रहरू छन्" (शर्मा, सन् १९९२, पृ. ६० -६१) । इन्द्रमायाको स्वतन्त्रताको चेत पनि उच्च बौद्धिक नै देखिन्छ। *मोदिआइन*की नारी, द्रौपदी र कृष्णसँग बहस गर्ने र कृष्णको बाटो गलत भएको निर्देश गर्ने पात्र हो। *हिटलर र यहुदी*का नारायणन्, डा.सुनील, लक्ष्मी आदि शास्त्रार्थ गर्ने बौद्धिक पात्र हुन्। *बाबु, आमा र छोरा*का शिवप्रसाद र उमा बनारसमा पढेलेखेका बौद्धिक पात्र हुन्। सानोबाबु, सान्नानी, इल्जे, थियोडारा, जुन्टुनानी, मछुवारिन आदि पात्र बौद्धिक र तर्कपूर्ण बहस गर्ने पात्र हुन्।

## विद्रोही पात्र

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पात्रहरू विद्रोही छन्। "उनका विद्रोही पात्रहरू आफूलाई स्थापित गर्नुपर्दा वा आफ्नो वैयक्तिक स्वतन्त्रताको खोजी गर्नुपर्दा परिस्थितिसँग आत्मसमर्पण गरी हार्न तयार छैनन्" (धरावासी, २०६७, पृ. ४०) । कोइराला आफूलाई राजनीतिमा समाजवादी र साहित्यमा अराजकवादी भनेजस्तै उनका उपन्यासका अधिकांश पात्रहरू विद्रोही छन्। *तीनघुम्ती* उपन्यासकी इन्द्रमाया बाबुआमा र समाजसँग विद्रोह गरेर आफूले छानेको

युवक पीताम्बरसँग विवाह गरेकी छ। उसले आफ्नो लोग्ने पीताम्बर, समाज र नैतिकतासँग विद्रोह गरेर लोग्ने हुँदा हुँदै रमेशसँग शारीरिक सम्पर्क गरी छोरी जन्माएकी छ साथै उसले लोग्नेसँग विद्रोह गरेर एक्लै जीवन व्यतीत गरेकी छ। रमेश पनि समाजसँग, नैतिकतासँग विद्रोह गरेर आफ्नै साथीकी श्रीमतीसँग शारीरिक सम्बन्ध राखेको छ। *नरेन्द्रदाइ*मा नरेन्द्र श्रीमती गौरी हुँदा हुँदै नोकर्नी मुनरियासँग हिमचिम बढाउँदै समाज र परिवारसँग विद्रोह गरी उससँगै विदेसिएको छ। मुनरिया पनि आफ्नो लोग्ने अस्वीकार गरी गौरीको लोग्नेसँग प्रेम गरी विदेश भासिएकी छ। विदेशमा लोग्ने नरेन्द्र बिरामी भयो भन्दैमा उसलाई गाउँ पठाएर उसले अर्कोसँग विवाह गरेर बसेकी छ। जेनतेन सुखदुःख पतिसँगै उसले जिन्दगी बिताउन आनाकानी गरेकी छ। *सुम्निमा*मा गाई चराउँदा नजिकिएका सोमदत्त र सुम्निमा मनभित्र नजिकिए पनि शरीर सर्म्पकमा सदा टाढा भएर बस्नुपरेको छ। *मोदिआइन*मा मोदिआइनले कृष्ण र द्रौपदीको विरुद्ध आफ्नो धारणा राखेकी छ। *हिटलर र यहुदी* उपन्यासका इल्ले, थियोडोरा, मार्गरेट, रेवा, लियोनार्ड आदि युद्ध विरोधी छन्, विक्षिप्त भएका छन्। *बाबु, आमा र छोरा*मा उमाको मन नपरे पनि वृद्धलाई लोग्ने स्वीकार्नुपरेको छ। छोरो शिवप्रसाद बाबुको विवाहका लागि कर गर्ने र सम्पूर्ण विवाहका लागि चाहिने सरसामानको बन्दोबस्त गर्ने पात्र भए पनि बाँउठिएर घर नआएको र धेरै समयपछि घर आउँदा आफ्नी श्रीमतीलाई आमा भन्नुपर्दा निकै विरक्तिएको छ।

## पतिपरायण नारी पात्र

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका नारीपात्रहरू पतिपरायण छन्। गौरी, लक्ष्मी, उमा, जेठी पत्नी रामायणकी सीता, महाभारतकी कुन्ती, हर्षचरितका यशोमती, सरस्वती र सावित्री तथा कादम्बरीकी विलासवती जस्ता स्वकीया, समर्पण, त्याग, पतिभक्ति, स्थिर र आदर्शवादी छन्। यिनीहरू सीताजस्तै अग्नि परीक्षामा होमिई आफ्नो सदाचारको प्रमाणित गर्नुपर्ने खालका छैनन् तैपनि पतिभन्दा भन्दै जीन्दगी नै पतिको अभावमा बिताएकी *नरेन्द्रदाइ*की गौरीचाहिँ साच्चै नै सीताभन्दा कम आदर्शकी छैन। *हिटलर र यहुदी* उपन्यासकी लक्ष्मी यौनलाई ब्रह्मानन्द ठान्ने ईश्वरभक्ति र पतिभक्ति उसमा प्रगाढ छ। *बाबु, आमा र छोरा*की जेठी पत्नी आधुनिक विचार भएकी पतिलाई दोस्रो विवाह गर्ने सल्लाह दिने अनि छोरालाई स्वतन्त्र दिन नचाहने पुरातनवादी विचार बोकेकी छ। *नरेन्द्रदाइ* उपन्यासकी गौरी, *मोदिआइन* उपन्यासकी नारी, *हिटलर र यहुदी* उपन्यासकी लक्ष्मी, *बाबु, आमा र छोरा* उपन्यासकी जेठी पत्नी पतिभक्त, पतिपरायण नारीहरू हुन्।

## पौराणिक पात्र

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका पौराणिक पात्रहरू प्रयुक्त छन्। *तीनघुम्ती*की इन्द्रमायाले आफ्नो लोग्ने पीताम्बरलाई त्यागेर रमेशसँग समागम गरी गर्भाधारण गर्नु प्राचीन विश्वामित्र र मेनका, पराशर ऋषि र मत्स्यगन्धा, कुन्ती र व्यास, गान्धारी र व्यास, चन्द्रमा र ताराको जस्तै सम्बन्ध देखिन्छ। पीताम्बर इन्द्रमायाका अगाडि धृतराष्ट, पाण्डु जस्तै सन्तान जन्माउन नसक्ने पात्रका रूपमा देखिएको छ। रमेश कृष्ण जस्तै गोपिनीहरूसँग रम्ने पात्रको प्रतीत हुन्छ। ऊ पीताम्बरलाई बाउ बनाइदिने व्यास, धर्म, वायु र इन्द्रको भूमिकामा देखिएको छ। शिष्य चन्द्रमाले गुरुपत्नी तारासँग भोग गरे जस्तै राजनीतिक गुरु पीताम्बरकी पत्नी इन्द्रमायासँग रमेशले भोग गरेको छ। बृहस्पति पत्नी ताराले चन्द्रमासँग भोग गरी बुध नामक छोरो जन्माएकी थिइन् (श्रीभद्देवीभागवत, १। ११।१–२२)। ताराको मनोवैज्ञानिक र भोगवादी जीवनदृष्टि जस्तै इन्द्रमायाले पति पीताम्बर हुँदाहुँदै रमेशसँग भोग गरी रमा छोरी जन्माएकी छ। पुरुरवा र उर्वशीको केही समयका लागि सर्तमा जङ्गलमा गन्धर्व विवाह वा सम्बन्ध भएको थियो (श्रीभद्देवीभागवत, १।१३।१–

३४) । इन्द्रमाया र रमेशको सम्बन्ध अस्थाइ प्रकारको पुरुरवा र उर्वशीको जस्तै देखिन्छ । *नरेन्द्रदाइ*का नरेन्द्र, गौरी र मुनरियाको त्रिकोणात्मक सम्बन्ध पौराणिक पात्र ययाति, देवयानी र शर्मिष्ठाको जस्तै रहेको बुझिन्छ । आचार्य शुक्राचार्य पुत्री ब्राह्मणी देवयानी र क्षत्रीय कुलका ययातिबिच प्रतिलोम विवाह भएको थियो । असुर राजा बृषपर्वाकी छोरी शर्मिष्ठा (जो नोकर्नीका रूपमा रहेकी थिई) सँग भोग गरी ययातिले तीन छोरा जन्माएका थिए (कोइराला, २०५२, पृ. २३–२९) । त्यस्तै भोगको स्वतन्त्रता नरेन्द्र, गौरी र मुनरियामा देखापर्छन् । जसरी ययातिले विवाहिता पत्नी देवयानीलाई छाडी भिक्षु कन्या शर्मिष्ठासँग भोग गरे यस्तै नरेन्द्रले विवाहिता पत्नी गौरीलाई छाडेर घरमा काम गर्ने केटी मुनरियासँग भोगमा लागेको बुझिन्छ। पुरुरवा र उर्वशीको सम्बन्धजस्तै नरेन्द्र र मुनरियाको सम्बन्ध देखिन्छ। नरेन्द्र विवाहिता पत्नीलाई छाडेर मुनरियाप्रति आकर्षित भएको सन्दर्भ विश्वामित्र र मेनकाको सन्दर्भसँग मिल्दोजुल्दो देखिन्छ। तपस्वी विश्वामित्र सुन्दर अप्सरा मेनकासँग भोग गरी अप्सरा जन्मिएकी थिइन् । मेनकाको रूपमा विश्वामित्र फसे जस्तै मुनरियाको रूप र सुन्दरतामा नरेन्द्र फसेको छ। *बाबु, आमा र छोरा*का बाबु बस्नेत श्रीमतीहरूप्रति अतिउदार तर आफूमा चाहिँ हीनताबोधले ग्रसित पात्र हो। यो पात्र धृतराष्ट, पाण्डु जस्तै यौनमा कमजोर पात्रका रूपमा देखिएको छ। उमासँग आफूले पूर्ण सन्तुष्टि दिन नसकेको विचार उसले व्यक्त गरेको छ।

## निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाका कुनै पात्रले प्राचीन युगको मूल्य र मान्यता बोकेका छन् भने कतिपय पात्रले पछिल्लो युगको प्रतिनिधित्व गरेका छन् । इन्द्रमायामा बौद्धिक, क्रान्तिकारी, जातीय विभेदको अन्त्य चाहने, सङ्घर्षशील, साहसी, विद्रोही र जुधारु प्रवृत्ति छ। यो प्रवृत्ति गान्धारी, कुन्ती, माद्री, मत्स्यगन्धाको प्रवृत्ति हो, अव आउने युगको प्रवृत्ति हो। मन परेको लोग्ने पीताम्बर छान्नु, नारीको वात्सल्य रक्षार्थ रमेश छान्नु र मातृत्व रक्षाका लागि लोग्ने त्यागी छोरीको रक्षा गर्नु उसको प्रवृत्ति हो, उसको विचार हो। प्रेम गर्नु, सन्तानवती हुनु र मातृत्वको रक्षा गर्नु नारीका आदर्श हुन् । जातभात, धनीगरिब, पुरुष शोषण, अनावश्यक सामाजिक बन्धन नमान्नु उसको मानवीय स्वभाव हो । ऊ विभेदकारी सामाजिक प्रचलनको विरोधी छ। उसमा दया, माया, प्रेम, उदारता, निर्भीकता र आत्मनिर्णय गर्ने शक्ति पर्याप्त मात्रामा छ। मुनरिया आफू एउटी नारी भएर अर्की नारीको सम्मान गरेकी छ। ऊ गौरीको घर हडप्न गएकी छैन। उसले गौरीको घर मागेकी छैन। बरु आफै बिदेसिएकी छ। उसले कहिल्यै गौरीको स्थान खोस्ने प्रयत्न पनि गरेकी छैन। उसले त मालिकको आग्रह मात्र स्वीकार गरेकी हो। बरु ऊ आफै परिवार र समाजबाट लखेटिएकी छ। आखिर उसले परदेशमा पनि आफ्नो जिऊ बेचेर नरेन्द्रको उपचारमा लागेकी नै हो। नरेन्द्रको आग्रहलाई स्वीकार गर्दै उसलाई गौरीकै काखमा पठाइदिएकी छ। अशिक्षित र गाउँले पात्र सुम्निमाले अर्ति र उपदेश दिएकी छ। एउटी आदर्श आमा बनेर उसले छोरी र ज्वाइलाई सम्झौता गर्न सिकाएकी छ। उसले सोमदत्तको संस्कार र संस्कृतिको कहिल्यै बिरोध गरेकी छैन, बरु सम्मान गरेकी छ। उसले आफ्नो संस्कार र संकृतिमा रमाएकी तथा अरूको संस्कार र संस्कृतिको सम्मान गरेकी छ। गौरी, लक्ष्मी, उमा, जेठी पत्नी जस्ता पात्रहरू रामायणकी सीता, महाभारतकी कुन्ती, हर्षचरितका यशोमती, सरस्वती र सावित्री तथा कादम्बरीकी विलासवती जस्ता स्वकीया, समर्पण, त्याग, पतिभक्ति, स्थिर र आदर्शवादी छन्। सुम्निमाजस्ती संस्कारभक्त, मुनरियाजस्ती पतिपरित्यक्ता, मोदिआइनजस्ती पुराणकालीन पात्र, गौरीजस्ती पतिपरायण, क्षमाशील, संस्कारी विचारका संवाहक छन् । कोइरालाले जातीयता विरोधी विचार-नरेन्द्रमार्फत, नारी स्वतन्त्रता र विद्रोह- इन्द्रमायामार्फत, यौन स्वतन्त्रता- रेवामार्फत, राजनीतिक षड्यन्त्र- रमेशमार्फत बोलेका छन् । कोइरालाले आफ्ना उपन्यासमा प्रयुक्त पात्रमार्फत आफ्नो नवीन मूल्य र मान्यता प्रस्तुत गर्न चाहेका छन् ।

**सन्दर्भ सामग्रीसूची**


आचार्य, गिरिराज (सम्पा.) (२०५७), *बिपी कोइरालाका साहित्यिक विचारहरू* (दो.सं), धरान : धरान बुक डिपो ।

आचार्य, नरहरि, *परिशीलन* (२०५५)), ललितपुर : साझा प्रकाशन ।

कोइराला, ढुण्डिराज (अनु.) (२०५२), *महाभारत कथा,* वाराणसी : दिवस प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद, (२०४०), "मलाई जति परेसानी परे पनि पराजयको अनुभव कहिल्यै भएन", *बरगाछी* (वर्ष : १४, पूर्णाङ्क : ८), पृ.३१-३७ ।

कोइराला, विश्वेश्वरप्रसाद(२०५१), *नरेन्द्रदाइ* (चौं.सं), ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५४), *बाबु, आमा र छोरा,* (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५४), *सुम्निमा* (पाँ.सं.), ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५४), *हिटलर र यहुदी* (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५५), *तीनघुम्ती* (छै.सं.), ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६६), *मोदिआइन* (आ.सं.), ललितपुर : साझा प्रकाशन ।

गणेशन, एस एन, )सन् १९६६), *हिन्दी उपन्यास साहित्यका अध्ययन,* दिल्ली : हिन्दी राजपाल एन्ड सन्ज ।

चामलिङ, गुमानसिंह, (२०४०), *एरिस्टोटल र उनको काव्यशास्त्र,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

दीक्षित, केशवमणि आचार्य (२०५६), *बिपीका तीन उपन्यास : एक विहङ्गम दृष्टि,* काठमाडौँ : शान्ति निकेतन पुस्तकालय ।

धरावासी, कृष्ण (२०५८), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू* (दो.सं.), काठमाडौँ : पैरवी बुक्स एन्ड स्टेसनरी सेन्टर ।

धरावासी, कृष्ण (२०६७), "विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा नारीहरू", *गरिमा* (वर्ष : २९, अङ्क : ४, पूर्णाङ्क ३४०, चैत), पृ.३८-४२ ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, विष्णुकुमारी (सन् १९९२), *नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको साहित्य,* वाराणसी : सयपत्री प्रकाशन ।

शर्मा, हरिप्रसाद (२०५१), "विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मानव नियति र अस्तित्वको द्वन्द्व", *गरिमा* (समालोचना विशेषाङ्क, वर्ष : १२, अङ्क : ५, पूर्णाङ्क : १३७, वैशाख), पृ.२३८-२४७ ।

*श्रीमद्देवीभागवत महापुराण,* (२०६७), गोरखपुर : गीताप्रेस ।

सार्त्र, जिन पाल, (१९५०), *ह्वाट इज लिट्लेचर,* लन्डन : मिथुन एन्ड कम्पनी ।

सिंह, त्रिभुवन, (२०५४), *हिन्दी उपन्यास और यथार्थवाद* (पाँ.सं.), वाराणासी : हिन्दी प्रचारक पब्लिकेसन ।